Email:-judicialcommittee.garudamun@gmail.com

# गरुडा नगरपालिका
# न्यायिक समिति
## गरुडा रौतहट
## मधेश प्रदेश नेपाल

पत्र संख्याः २०८२/०८३ मितिः २०८२/०७/२८

चलानी नं.: ७ ने.सं. ११४६ कछलागाः नवमी, शुक्रबार

सूचना । सूचना ।। सूचना ।।।

**विषयः मेलमिलापकर्ताको रूपमा सुचीकृत हुने तथा सूची अध्यावधिक गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस गरूडा नगरपालिका न्यायिक समितिको मिति २०८२/०७/२८ गतेको निर्णयानुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (१) र (२) बमोजिमका विवादहरूमा मेलमिलापको कार्य गराउनको लागि यस गरूडा नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७९ को परिच्छेद - ८, दफा ५९ बमोजिम मेलमिलापकर्ताहरूको सूचि तयार पार्नु पर्ने र दफा ६० बमोजिम सूचीकृत रहेका मेलमिलापकर्ताहरूको सूची अध्यावधिक गर्नुपर्ने व्यवस्था रहेको हुँदा यस न्यायिक समितिमा सूचीकृत रहेका मेलमिलापकर्ताहरूको सूची अध्यावधिक गर्न र मेलमिलापकर्ताको रूपमा नयाँ सूचीकृत हुन चाहने देहाय बमोजिमका योग्यता पुगेका व्यक्तिहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्र आवश्यक कागजात सहित अनुसूची – ११ बमोजिमको ढाँचामा यस न.पा.को न्यायिक समितिमा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक न्यूनतम योग्यता :**

१. नेपाली नागरिक भएको ।

२. स्नातक उत्तीर्ण गरेको ।

३. २५ वर्ष उमेर पुरा भएको ।

४. मेलमिलाप सम्बन्धी प्रचलित कानुन बमोजिम समयावधीको तालिम लिइ मेलमिलापकर्ताको कार्य गर्दै आएको ।

५. कुनै राजनीतिक दल प्रति आस्था राखी राजनीतिमा सक्रिय नरहेको ।

६. स्थानीय स्तरमा समाजसेवीको रूपमा पहिचान बनाएको ।

७. माथि योग्यतामा जुन सुकै कुरा लेखिएको भए तापनि तालिम लिई हाल काम गरिरहेकाको हकमा निजलाई निरन्तरता दिन सकिने हुँदा निज व्यक्तिहरूले समेत निवेदन दिन सक्नु हुनेछ ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरू :**

१. मेलमिलापकर्ताको नियुक्ति पत्र (सूचीकृत मेलमिलापकर्ताको हकमा)

२. नागरिकता प्रमाण पत्रको छाँयाप्रति,

३. शैक्षिक योग्यताको प्रमाण पत्रको छाँयाप्रति,

४. मेलमिलापकर्ताको तालिम प्रास गरेको प्रमाण पत्रको छाँयाप्रति,

५. मेलमिलाप सम्बन्धी अनुभव र

६. व्यक्तिगत विवरण (Bio-Data)

२०८२/७/२८

..............................

नीलमकुमार न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत

नीलमकुमार न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत